# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४४) काठमाडौं, जेठ ६ गते २०५१ साल (अतिरिक्ताङ्क ५ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय निर्माण तथा यातायात मन्त्री श्री खुमबहादुर खड्का यही २०५१ साल जेठ ६ गते उपचारार्थ भारतको बम्वई जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको निर्माण तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कानून, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्री श्री महेश्वरप्रसाद सिंहले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय गृह मन्त्री श्री शेरबहादुर देउपा दैवी प्रकोप न्यूनीकरण विषयक विश्व सम्मेलनमा भाग लिन यही २०५१ साल जेठ ७ गते जापानको योकोहामा जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कृषि र स्थानीय विकास मन्त्री श्री रामचन्द्र पौडेल सम्हाल्नु हुनेछ ।

६०३ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बलबहादुर राई इण्डोनेसियाका सार्वजनिक आवास मन्त्रीको निमन्त्रणामा इण्डोनेसियाको भ्रमणको लागि यही २०५१ साल जेठ ८ गते त्यस तर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको आवास तथा भौतिक योजना मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रामहरि जोशीले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित ।

६०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।